प्रति इकाई मूल्य रु.१०/- दरको १२,००,००,००० (बाह्र करोड) इकाई मध्ये बिज पूँजी वापत न्यूनत्तम १,८०,००,००० (एक करोड असी लाख) वा कूल बिक्री भएको इकाई संख्याको १४ प्रतिशत इकाई कोष प्रवर्द्धक कम्पनी एनएमबि बैंक लिमिटेड तथा १ प्रतिशत इकाई योजना व्यवस्थापक कम्पनी एनएमबि क्यापिटल लिमिटेडका लागि सुरक्षित राखि बाँकी न्यूनतम १०,२०,००,००० (दश करोड बीस लाख) इकाई सार्वजनिक रुपमा बिक्रीका लागि खुल्ला गरिएको ।

दरखास्त दिन पाउने न्यूनतम इकाई संख्या : १००
दरखास्त दिन पाउने अधिकतम इकाई संख्या : १,२०,००,०००

(सामूहिक लगानी कोष नियमावली, २०६७ को नियम २४ को उप-नियम ३ को बुँदा (ङ) अन्तर्गत प्रकाशित)

दरखास्तसाथ भुक्तानी गर्नुपर्ने रु.१०/- प्रति इकाईका दरले ।

धितोपत्र सम्बन्धी ऐन २०६३ र सामूहिक लगानी कोष नियमावली, २०६७ बमोजिम नेपाल धितोपत्र बोर्डमा दर्ता भएको

कोष प्रवर्द्धक: NMB BANK एनएमबि बैंक

योजना व्यवस्थापक: NMB CAPITAL LIMITED

एनएमबि म्युचुअल फण्ड
अन्तर्गत सञ्चालन हुने
NMB 50 (एनएमबि फिफ्टी)
(बन्दमुखी योजना)
आह्वान पत्र

निष्काशन खुल्ला मिति : २०७६/०४/१३ गते
निष्काशन बन्द हुने मिति (छिटोमा) : २०७६/०४/१६ गते (बैकिङ्ग समय पश्चात्)
निष्काशन बन्द हुने मिति (ढिलोमा) : २०७६/०५/१० गते (बैकिङ्ग समय पश्चात्)

यो विवरण पुस्तिका नभई केवल आह्वान पत्र मात्र हो ।

नेपाल धितोपत्र बोर्डबाट योजना संचालन तथा विवरण पुस्तिका स्वीकृत मिति : २०७६/०२/२९ गते ।

१. योजना सम्बन्धी संक्षिप्त जानकारी :

१	क	योजनाको नाम	**NMB 50 (एनएमबि फिफ्टी)**
	ख	योजनाको आकार	रु. १,२०,००,००,०००/- (एक अर्ब बीस करोड)
	ग	योजनाको प्रकार	बन्दमुखी (Close-Ended)
	घ	निष्काशन गर्न लागिएको इकाई संख्या	१२,००,००,००० (बाह्र करोड)
	ङ	प्रति इकाई मूल्य	रु. १०/- (अक्षरेपी रु. दश)
	च	न्यूनतम बिक्री हुनुपर्ने इकाई संख्या	६,००,००,००० (छ करोड)
	छ	अधिकतम सकारिने इकाई संख्या	१५,००,००,००० (पन्ध्र करोड)
	ज	योजनाको अवधि	७ वर्ष
	झ	योजना परिपक्क हुने मिति	इकाई बाँडफाँड भएको मितिले ७ वर्ष
	ञ	योजना बिक्री खुला मिति	२०७६/०४/१३
२	ट	योजना बिक्री बन्द मिति (छिटोमा)	२०७६/०४/१६ (बैंकिङ्ग समय पश्चात्)
	ठ	इकाई बिक्री केन्द्रहरु	नेपाल धितोपत्र बोर्डबाट स्वीकृति प्राप्त गरेका सम्पूर्ण आस्बा (ASBA) सदस्य बैंक तथा वित्तीय संस्थाहरु र तिनका तोकिएका शाखा कार्यालयहरु ।
	ड	खरीद गर्नुपर्ने न्यूनतम इकाई संख्या	१००
	ढ	खरीद गर्न सकिने अधिकतम इकाई संख्या	१२०,००,००० (एक करोड बीस लाख)
	ण	इकाई बिक्री तथा बाँडफाँड सम्बन्धी व्यवस्था	इकाई बिक्रीका लागि आवेदन लिने कार्य समाप्त भए पश्चात् धितोपत्र निष्काशन तथा बाँडफाँट निर्देशिका, २०७४ बमोजिम इकाईको बाँडफाँड गरिने छ ।
	त	सूचीकरण तथा दोस्रो बजार कारोवार व्यवस्था	योजनाका इकाईहरु नेपाल स्टक एक्सचेन्ज लि.मा सूचीकृत तथा सिडिएस एण्ड क्लियरिङ्ग लि. मा दर्ता गरी कारोवार हुने व्यवस्था गरिने छ ।
३	थ	योजनाको मुनाफा वितरणको लक्ष्य	योजनाले कमाएको खुद मुनाफाको अनुपातमा इकाईको अंकित मूल्यको आधारमा मुनाफा वितरण गरिने । सञ्चित मुनाफा (RetainedEarning) पुनः लगानी गरिने । साथै योजनाले कमाएको खुद मुनाफाबाट लेखापरीक्षण अगावै धितोपत्र बोर्डको स्वीकृति पश्चात् अन्तरिम लाभांश (Interium Dividend) बाँड्न सक्नेछ ।
४	द	इकाई खरीद गर्न सक्ने व्यक्ति तथा संस्थाहरु	नेपाली नागरिक, गैर आवासिय नेपालीलाई नेपाल सरकारबाट जारी गरिएको प्रमाणपत्र भएका व्यक्ति, प्रचलित कानून बमोजिम दर्ता भएका नेपाली फर्म, संघ संस्था, बैंक, वित्तीय संस्था, बीमा कम्पनी, कुनै पनि वर्ग वा समूहले खडा गरेको कोषहरु जस्तै सञ्चयकोष, कल्याणकारी कोष, गुठी, अक्षयकोष आदिले इकाई खरिद गर्न आवेदन दिन सक्नेछन् ।
५	ध	योजना व्यवस्थापक सम्बन्धीः	
		नाम	एनएमबि क्यापिटल लिमिटेड
		ठेगाना	नागपोखरी, काठमाडौं, फोन नम्बर ०१-४४३७९६०
		स्थापित ऐन	कम्पनी ऐन तथा धितोपत्र सम्बन्धी ऐन बमोजिम स्थापना भएको
		दर्ता मिति	कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता मितिः २०६७/०२/०५
		नेपाल धितोपत्र बोर्डबाट योजना व्यवस्थापकको अनुमति प्राप्त मिति	२०७०/०२/१०
६	न	योजना व्यवस्थापकको लेखापरीक्षकको नाम तथा ठेगाना	आ.व. २०७४/७५ को योजना व्यवस्थापकको लेखापरीक्षकको नाम सुनीर कुमार ढुङ्गेल, सार एसोसिएट्स चार्टड एकाउन्टेन्ट्स, विशालनगर, काठमाडौं ।
७	प	योजनाको लेखापरिक्षको नाम तथा ठेगाना	नेपाल धितोपत्र बोर्डबाट स्वीकृत लिई लेखापरिक्षक नियुक्त गरिने ।
८	फ	कोष सुपरिवेक्षकको नाम तथा ठेगाना	श्री अशोक राज पाण्डे; डिल्लीबजार, काठमाडौं । डा. विपिन चन्द्र अधिकारी; गौरीघाट, काठमाडौं । श्री कृष्ण ज्ञवाली, मैतिदेवी काठमाडौं । श्री नन्द किशोर शर्मा; खुमलटार, ललितपुर । डा. शैलेन्द्रधर सिग्देल; धापासी, काठमाडौं ।
९	ब	रेटिङ्ग कम्पनी तथा योजनाको रेटिङ्ग संकेत	रेटिङ्ग कम्पनीः इक्रा नेपाल लिमिटेड कोष प्रवर्द्धकः (ICRANP-IR) A- (ICRANP-IR) A-ले adequate credit quality जनाउदँछ । योजना व्यवस्थापकः (ICRANP) AMC Quality 3+(ICRANP) AMC Quality 3+ ले adequate assurance on management quality जनाउदँछ । ग्रेड २,३,४ मा प्रयोग गरिने (plus) चिन्हले त्यस समूहका तुलनात्मक सकारात्मक स्थितिलाई जनाउदँछ ।
१०	भ	लगानीका क्षेत्रहरु	नियमावलीको नियम ३४ एवम् निर्देशिकाको अधीनमा रही इकाई बिक्रीबाट संकलित रकम देहाय बमोजिमको कुनै वा सबै क्षेत्रमा लगानी हुनेछः १. बोर्डमा दर्ता भएको धितोपत्र २. सार्वजनिक निष्काशन भएको धितोपत्र ३. धितोपत्र बिनियम बजारमा सूचीकृत धितोपत्र ४. नेपाल सरकारले जारी गरेको वा नेपाल सरकारको जमानत वा पूर्ण सुरक्षित हुने गरी सरकारी स्वामित्व वा नियन्त्रणमा रहेको कुनै संस्था वा नेपाल राष्ट्र बैंकले जारी गरको ऋणपत्र, ट्रेजरी बिल तथा मुद्रा बजारका अन्य साधनहरु ५. बैंक निक्षेप ६. मुद्रा बजार उपकरण ७. बोर्डले तोकिदिएको अन्य क्षेत्र ८. धितोपत्र बोर्डले नियमावली संशोधन भएमा सो समेत
११	म	योजनाको दर्ता तथा हस्तान्तरण गर्न नियुक्त डिपोजिटरीको नाम र ठेगाना	एनएमबि क्यापिटल लिमिटेड, नागपोखरी, काठमाडौं ।
१२		खुद सम्पत्ति मूल्य गणना तथा सो को प्रकाशन सम्बन्धी व्यवस्था	नियमावली तथा निर्देशिकाको अधीनमा रही खुद सम्पत्ति मूल्य गणना गरिने साथै सार्वजनिक रुपमा प्रकाशन गरिने । सो सम्बन्धी विस्तृत विवरण यस विवरण पुस्तिकाको बुँदा ८.९ (क) र (ख) मा उल्लेख गरिएको छ ।

२. कोष प्रवर्द्धकसम्बन्धी जानकारी :

कोष प्रवर्द्धकको नाम : **एनएमबि बैंक लिमिटेड**

कोष प्रवर्द्धकको संक्षिप्त इतिहासः एनएमबि बैंक लिमिटेड कम्पनी ऐन, २०२१ (संशोधन सहित) अन्तर्गत २०५२ साल आश्विन २९ गतेका दिन कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता भएको हो । बैंकले वित्त कम्पनी ऐन, २०४२ अन्तर्गत २०५३ साल पौष ४ गते नेपाल राष्ट्र बैंकबाट कारोवारको स्वीकृति प्राप्त गरी मिति २०५३ साल पौष ११ गते देखि आफ्नो वित्तीय कारोवार सञ्चालन गर्दै आएकोमा नेपाल राष्ट्र बैंकबाट "क" वर्गको रुपमा स्तर वृद्धि गर्ने बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०६३ अनुरुप आवश्यक स्वीकृति प्राप्त गरी २०६५/०१/२४ देखि "क" वर्गको बैंकको रुपमा कारोवार सञ्चालन गर्दै आएकोछ ।

३. कोष प्रवर्द्धक कम्पनीको प्रमुख उद्देश्यहरु :

क) बैंकको निक्षेपकर्ताको हक हितको संरक्षण र सम्बर्द्धन गर्दै स्वस्थ प्रतिस्पर्धाबाट सर्वसाधारणलाई गुणस्तरीय तथा भरपर्दो बैंकिङ्ग/वित्तीय मध्यस्थता सेवा उपलब्ध गराउने,
ख) कृषि, उद्योग, सेवा, व्यापार तथा अन्य व्यावसायिक रुपले सम्भाव्य देखिएका उत्पादनशील व्यवसायको स्थापना, विकास, विस्तार र क्षमता एवम् उत्पादकत्व वृद्धिका लागि आवश्यक बैंकिङ्ग/वित्तीय साधन आन्तरिक तथा बाह्य स्रोतबाट जुटाई देशको औद्योगिक, व्यापारिक एवम् कृषि क्षेत्रको विकासमा गतिशिलता ल्याउन सहयोग पुर्‍याउने,
ग) उपलब्ध शीप, श्रम तथा पूँजीलाई उचीत परिचालन गरी ग्रामीण तथा शहरी क्षेत्रमा उत्पादन एवम् रोजगारीमूलक व्यवसायको स्थापना, सञ्चालन, विकास, विस्तार एवम् प्रवर्धन गर्ने र सो कार्यको लागि आवश्यक वित्तीय साधन, प्राविधिक तथा व्यवस्थापकीय परामर्श सेवा, तालिम तथा प्रविधि उपलब्ध गराई गरिबी निवारणका लागि सक्रिय रुपमा संलग्न भई सहयोग पुर्‍याउने,
घ) बैंकिङ्ग/ वित्तिय सेवामा जोखिम कम गर्दै बैंकिङ्ग/वित्तिय क्षेत्रको उदारीकरणमा मद्दत पुर्‍याउने, र
ङ) मुलुकमा छरिएर रहेको पूँजीलाई एकीकृत गरी संस्थागत लगानी तथा स्वस्थ प्रतिस्पर्धाको माध्यमबाट वित्तीय मध्यस्थताको सेवा उपलब्ध गराउने ।

४. कोष प्रवर्द्धकको विगत तीन वर्षको वित्तीय विवरण :

श्री एनएमबि बैंक लिमिटेडको विगत तीन वर्षको लेखापरीक्षण भएको समष्टिकृत वासलात, नाफा नोक्सान हिसाब तथा विगत तीन वर्षको प्रति शेयर आम्दानी (अर्निङ्ग पर शेयर) र प्रति शेयर नेटवर्थसम्बन्धी विवरण देहाय बमोजिम रहेको छ ।

१. वासलातः *(रु. हजारमा)*

विवरण	वास्तविक			अपरिष्कृत पौष मसान्त ०७५/०७६*
	आ.ब.०७२/०७३	आ.ब.०७३/०७४	आ.ब.०७४/०७५	
सम्पत्ति				
नगद तथा नगद समान	१,४९१,२७५	६,४५८,१५१	६,०२८,१५३	८,१४६,७५९
नेपाल राष्ट्र बैंकमा रहेको मौज्दात	६,३९५,८१५	९,२५२,१८५	६,८६४,७४१	७,४२२,३७५
बैंक/वित्तीय संस्थामा रहेको मौज्दात	२,६३७,१०५	१३७,६३७	२०८,५१४	-
माग तथा अल्प सूचनामा प्राप्त हुने रकम	५५७,८२३	-	-	-
डेरिभेटिभ वित्तीय उपकरण	-	५,४२५,६३४	७,५०६,७५१	-
अन्य व्यापारिक सम्पत्ति	-	२९८,२८०	३२१,७२०	-
बैंक तथा वित्तीय संस्थालाई कर्जा सापटी	-	१,८६९,१००	२,४९७,५६८	८७,१३०,५८०
ग्राहकलाई कर्जा तथा सापटी	५३,७४९,१३३	६१,४०५,९६९	७४,४१३,५८५	
धितोपत्रमा लगानी	-	७,५७५,२८९	९,६०८,३६८	१०,५२०,२५३
चालु कर सम्पत्ति	-	८०५,६४५	८६३,१४०	
सहायक कम्पनीमा लगानी	-	-	-	-
सम्बद्ध कम्पनीमा लगानी	-	-	-	-
लगानी सम्पत्तिहरु	८,४२४,५१९	७७,४८९	५९,७७५	-
सम्पत्ति तथा उपकरण	१,३५७,२८४	१,४६५,०८२	१,५९५,०८५	-
ख्याति तथा अमुर्त सम्पत्ति	-	१६,०८५	२२,६४४	२२,६७९
स्थगन कर सम्पत्ति	-	५६५	६९,९३९	
अन्य सम्पत्ति	१,०६९,३९५	३१९,३३४	४,९१३,८६०	५,५९५,६३०
कुल सम्पत्ति	७५,६८२,३४९	९५,१०६,४४५	११४,९७३,८४३	११८,८३८,२७६
दायित्व				
बैंक/वित्तीय संस्थालाई तिर्न बाँकी	-	९०६,३९६	१,०३६,२६९	-
नेपाल राष्ट्र बैंकलाई तिर्न बाँकी	-	१,११०,५५९	६६०,०७२	-
डेरिभेटिभ वित्तीय उपकरण	-	५,३९३,०३१	७,४७७,४८४	-
ग्राहकबाट निक्षेप दायित्व	६४,९४४,७३१	७२,१३७,५४१	८४,५०९,५०३	८८,७७३,२९९
सापटी	२,१४८,५०३	१,२४०,९३०	१,१८२,०८२	६,७९५,५३२
चालुकर दायित्व	४८,९५९	६७१,९७७	९२३,१९१	-
व्यवस्था	-	९,९७८	९,१५२	-
स्थगन कर दायित्व	-	७२,५९८	५,८७२	-
अन्य दायित्व	९७८,९९०	१,८४९,५९४	१,८७१,६१७	४,५१९,४१२
जारी गरिएको ऋणपत्र	५००,०००	५१७,५४८	५१७,५४८	५००,०००
प्रस्तावित लाभांश	५४,३०१	-	-	-
आयकर दायित्व	३४,०१६	-	-	-
सुरक्षण नराखिएको सहायक आवधिक दायित्व	-	-	-	-
कुल दायित्व	६८,७०९,५००	८३,९१०,१५२	९८,१९२,७८९	१००,५८८,२४३
पूँजी				
शेयर पूँजी	५,५१८,६३६	६,४६१,७७४	७,६०३,२९१	८,७४३,७८४
शेयर प्रिमियम	-	१,४४४,७१५	४,०६६,८५४	-
संचित नाफा	१,४१५,१८३	१,५१३,८१८	२,४७६,४९८	-
जगेडा		१,६६४,१२८	२,५०२,९३१	९,३७९,३२७
शेयरधनीहरुलाई बाँडफाँड गर्ने कूल इक्विटी	६,९३३,८१९	११,०८४,४३६	१६,६४९,५७४	१८,१२३,१११
गैर नियन्त्रित स्वार्थ	३९,०३१	१११,८५७	१३१,४८०	१२६,९२१
कूल पूँजी	६,९७२,८५०	११,१९६,२९२	१६,७८१,०५४	१८,२५०,०३२
कूल दायित्व र पूँजी	७५,६८२,३४९	९५,१०६,४४५	११४,९७३,८४३	११८,८३८,२७६

२. नाफा-नोक्सान हिसाब *(रु. हजारमा)*

विवरण	वास्तविक
	आ.ब.०७२/०७३
व्याज आम्दानी	४,१४३,१४६
व्याज खर्च	२,०५५,१६१
खुद ब्याज आम्दानी	२,०८७,९८५
कमिशन तथा डिस्काउण्ट	१९७,६१६
अन्य सञ्चालन आम्दानी	२९०,२५८
सटही घटबढ आम्दानी	१६०,२६९
कुल सञ्चालन आम्दानी	२,७३६,१२७
कर्मचारी खर्च	५०९,१११
अन्य सञ्चालन खर्च	४९५,६९५
सटही घटबढ नोक्सान	-
सम्भावित नोक्सानी व्यवस्था अघिको सञ्चालन मुनाफा	१,७३१,३२१
सम्भावित नोक्सानी व्यवस्थाहरु	५८४,९४१
सञ्चालन मुनाफा	१,१४६,३७९
गैर सञ्चालन आम्दानी/(नोक्सान)	५६,६७३
सम्भावित नोक्सानी व्यवस्थाबाट फिर्ता	६५०,०७९
नियमित कारोवारबाट भएको मुनाफा	१,८५३,१३२
असामान्य कारोबारहरुबाट भएको मुनाफा/(खर्च)	(१०,९४२)
सम्पूर्ण कारोवार समावेश पछिको खुद मुनाफा	१,८४२,१९०
कर्मचारी बोनस व्यवस्था	१६७,४७२
आयकर व्यवस्था	५०७,५९४
- यस बर्षको	३३४,६७४
- गत बर्षसम्मको	६,९०१
- स्थगन आयकर	१६६,०१८
खुद नाफा/(नोक्सान)	१,१६७,१२४

विवरण	वास्तविक		अपरिष्कृत पौष मसान्त ०७५/०७६*
	आ.ब.०७३/०७४	आ.ब.०७४/०७५	
व्याज आम्दानी	६,४३८,५६०	९,१६९,०५७	५,४८१,०४०
व्याज खर्च	३,६०७,९४६	६,०३६,१३०	(३,३६५,५०८)
खुद व्याज आम्दानी	२,८३०,६१४	३,१३२,९२७	२,११५,५३२
शुल्क तथा कमिशन आम्दानी	७५९,१२०	९३९,६१८	२७४,०६२
शुल्क तथा कमिशन खर्च	५१,९७७	६९,९२७	(४१,२६०)
खुद शुल्क तथा कमिशन आम्दानी	७०७,१४४	८६९,६९१	२३२,८०२
खुद व्याज, शुल्क तथा कमिशन आम्दानी	३,५३७,७५७	४,००२,६१९	२,३४८,३३४
खुद व्यापारिक आम्दानी	१५४,७९०	२९९,६०६	-
अन्य सञ्चालन आम्दानी	१३०,३५४	१६९,१०८	५६७,६४९
जम्मा सञ्चालन आम्दानी	३,८२२,९०१	४,४७१,३३३	२,९१५,९८३
कर्जाको क्षति प्रभार/(विपयर्य) तथा अन्य हानी	२८,९५०	(१९२,०४७)	(११३,७०३)
खुद सञ्चालन आम्दानी	३,७९३,९५१	४,६६३,३८०	२,८०२,२८०
सञ्चालन खर्च			
कर्मचारी खर्च	९३२,०००	१,१५७,९४०	(७५८,०५१)
अन्य सञ्चालन खर्च	५३७,२०२	६४४,८६१	(४३८,९३१)
ह्रासकट्टी र परिषोधन	१२१,७५१	१५५,९८८	-
सञ्चालन नाफा	२,२०२,९९७	२,७०४,५९२	१,६०५,२९८
गैर संचालन आम्दानी	१३६,३५०	४३,१४०	५,४६९
गैर संचालन खर्च	४८,२२६	३७,९३५	-
आयकर अघिको नाफा	२,२९१,१२१	२,७०९,७९७	१,६१०,७६७
आयकर खर्च	६६७,०१६	७४९,४२०	(४७०,२६७)
चालु कर	६३८,६११	८६५,७९२	-
स्थगन कर खर्च/(आम्दानी)	२८,४०५	(११६,३७२)	-
यस अवधिको नाफा	१,६२४,१०५	१,९६०,३७७	१,१४०,५००
नाफा बाँडफाँड			
बैंकको शेयरधनी	१,५९८,१६७	१,९४०,१०३	-
गैर नियन्त्रित स्वार्थ	२५,९३८	२०,२७४	-
यस अवधिको नाफा	१,६२४,१०५	१,९६०,३७७	-

विगत तीन वर्षको प्रति शेयर आम्दानी (EPS) र प्रति शेयर नेटवर्थ सम्बन्धी विवरण: *(रु. हजारमा)*

विवरण	वास्तविक		
	आ.ब.०७२/०७३	आ.ब.०७३/०७४	आ.ब.०७४/०७५
चुक्ता पूँजी	५,५१८,६३६	६,४६१,७७४	७,६०३,२९१
प्रस्तावित बोनश शेयर	-	-	१,१४०,४९४
जगेडा तथा कोषहरु	१,४१५,१८३	१,६६४,१२८	२,५०२,९३१
जम्मा	६,९३३,८१९	८,१२५,९०२	११,२४६,७१५
घटाउनेः अपलेखन गर्न बाँकी खर्च	-	-	-
जम्मा नेटवोर्थ	६,९३३,८१९	८,१२५,९०२	११,२४६,७१५
शेयर संख्या (हजारमा)	५५,१८६	६४,६१८	७६,०३३
प्रति शेयर नेटवोर्थ (रु.)	१२५.६४	१२५.७५	१४७.९२
प्रति शेयर आम्दानी (रु.)	२१.८५	२५.१३	२५.७८
नेटवर्थमा प्रतिफल (%)	१६.८३	१९.९९	१७.४३
प्रति शेयर चुक्ता पूँजी (रु.)	१००.००	१००	१००

नोटः प्रति शेयर नेटवोर्थ र प्रति शेयर आम्दानी गणना गर्दा समष्टिकृत वित्तीय विवरणलाई आधार मानि गरिएकोले कोष प्रवर्द्धकको वार्षिक प्रतिवेदन भन्दा फरक देखिएको ।
*आ.ब.२०७५/०७६ को पौष मसान्तसम्मको व्यवस्थापनबाट प्रमाणित अपरिष्कृत वित्तीय विवरण ।

५. योजना व्यवस्थापक सम्बन्धी विवरण :

१. *योजना व्यवस्थापकको नाम :* **एनएमबि क्यापिटल लिमिटेड ।**
२. *योजना व्यवस्थापक स्थापित भएको ऐन/नियमसम्बन्धी विवरण :* योजना व्यवस्थापक कम्पनी ऐन, २०६३ अन्तर्गत धितोपत्र व्यवसायी - मर्चेन्ट बैंकरको रुपमा स्थापना भएको हो ।
३. *योजना व्यवस्थापकको रजिष्टर्ड ठेगानाः* वागमती अञ्चल, काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका वडा नं. १ नागपोखरी ।
४. *योजना व्यवस्थापकको स्थापनाकालदेखि हालसम्मको संक्षिप्त इतिहास :* कम्पनी ऐन, २०६३ बमोजिम कम्पनी रजिष्ट्रारको कार्यालयमा मिति २०६७/०२/०५ मा दर्ता भएको यस कम्पनीले मिति २०६७/०५/०७ मा मर्चेन्ट बैंकरको रुपमा कार्य गर्न नेपाल धितोपत्र बोर्डबाट अनुमतिपत्र प्राप्त गरी मर्चेन्ट बैंकिङ्ग सेवाहरु (निष्काशन तथा बिक्री प्रवन्धक, धितोपत्र प्रत्याभूति तथा शेयर रजिष्ट्रार सेवाहरु प्रदान गर्दै आएको छ, साथै कम्पनीले मिति २०७०/०२/१० मा नेपाल धितोपत्र बोर्डबाट योजना व्यवस्थापक तथा डिपोजिटरीको कार्य गर्ने र मिति २०७५/०८ /१७ मा लगानी परामर्शको कार्य गर्ने अनुमति प्राप्त गरेको छ ।

६. योजना व्यवस्थापकका प्रमुख उद्देश्यहरु :

प्रबन्धपत्र तथा नियमावलीमा उल्लेख भए बमोजिम योजना व्यवस्थापकको प्रमुख उद्देश्यहरु देहाय बमोजिमका रहेका छन् :
(१) धितोपत्र निष्काशनका लागि विवरणपत्र, बिक्री सम्बन्धी प्रस्ताव तथा अन्य विवरण तयार गर्ने लगायत धितोपत्रको निष्काशन तथा बिक्री प्रवन्ध सम्बन्धी आवश्यक सबै कार्यहरु गर्ने,
(२) संगठित संस्थासँग सम्झौता गरी संगठित संस्थाले निष्काशन गरेको धितोपत्र बिक्री नभएको अवस्थामा आफूले खरिद गर्न प्रत्याभूति दिने कार्य गर्ने,
(३) संगठित संस्थाको तर्फबाट धितोपत्रधनीहरुको अभिलेख राख्ने तथा धितोपत्रहरुको नामसारी लगायत शेयर रजिष्ट्रेशन सम्बन्धी अन्य सेवा प्रदान गर्ने,
(४) ग्राहकसँग सम्झौता गरी ग्राहकका लागि लगानी व्यवस्थापन सम्बन्धी कार्य गर्ने ।

७. योजना व्यवस्थापकको भावी योजना तथा रणनीति :

(क) **व्यवसाय / सेवाको बृद्धिका लागि योजना व्यवस्थापकको भावी योजना र त्यस्तो योजनाको प्राप्तिका लागि चालिने समयवद्ध रणनीति :**
कम्पनीले बजारको अवस्था हेरी यस योजनाका अतिरिक्त अन्य विभिन्न योजनाहरु समेत सञ्चालनमा ल्याउनेछ । व्यवसाय विस्तारको लागि आफ्नो कार्य क्षेत्रभित्र रही/बोर्डको आवश्यक स्वीकृति लिई इन्भेष्टमेन्ट तथा मर्चेन्ट बैंकिङ्ग क्षेत्र अन्तर्गत नयाँ सेवाहरु संचालन गर्ने, समय सापेक्ष नयाँ प्रविधिहरुको प्रयोग गरीदेशभर आफ्नो सेवा विस्तार गर्ने योजना राखेको छ ।

(ख) **प्रतिस्पर्धा, विद्यमान आर्थिक स्थिति र समान किसिमको उद्योगको स्थितिको आधारमा योजना व्यवस्थापकको व्यवसायको भविष्य :**
नेपाली पूँजी बजारमा सामूहिक लगानी कोषको संचालन भएको करिब पाँच वर्ष भएको छ । यस प्रकारको सेवा प्रदान गर्ने केहि कम्पनीहरु योजना संचालन गरी अनुभव प्राप्त स्थापित छन् भने केहि सेवाको प्राथमिक चरणमै रहेका छन् । यस कम्पनीले आफ्नो क्षेत्रमा प्रतिस्पर्धी रहन आवश्यक रणनीति तयार गरेको छ र लगानीमा रहेका जोखिमहरु कम गर्न पूँजी बजारका महत्वपूर्ण सिद्धान्तहरु अनुशरण गरिएको छ । यसै अनुरुप यस कम्पनी विगतमा जस्तै भविष्यमा पनि नेपालको पूँजी बजारको एक जिम्मेवार र संवेदनशिल भई व्यवसाय विस्तार गर्नेछ ।

८. योजना व्यवस्थापकको सञ्चालक समितिको संरचना र प्रतिनिधित्व सम्बन्धी व्यवस्था :

कम्पनीको सञ्चालक समितिको संरचना र प्रतिनिधित्व देहाय बमोजिम रहेकोछ :

क्र.सं.	विवरण	सङ्ख्या
१	संस्थापक कम्पनीको तर्फबाट नियुक्ति वा मनोनित	३ (तीन) जना
२	संस्थापक कम्पनीबाट नियुक्त/मनोनित स्वतन्त्र सञ्चालक	१ (एक) जना
३	संस्थापक कम्पनीबाट नियुक्त/मनोनित विशेषज्ञ सञ्चालक	१ (एक) जना
	जम्मा	५ जना

९. योजना व्यवस्थापकको पूँजी संरचना (अधिकृत पूँजी, जारी पूँजी तथा चुक्ता पूँजी) सम्बन्धी जानकारी :

(क) **अधिकृत पूँजी :** कम्पनीको अधिकृत पूँजी रु.२००,०००,०००/- (अक्षरेपी बीस करोड मात्र) रहेको छ । उक्त पूँजीलाई रु.१००/- का दरले २०,००,००० (बीस लाख) थान शेयरमा विभाजन गरिएको छ ।
(ख) **जारी पूँजी :** कम्पनीको जारी पूँजी रु.२००,०००,०००/- (अक्षरेपी बीस करोड मात्र) रहेको छ । उक्त पूँजीलाई रु.१००/- का दरले २०,००,००० (बीस लाख) थान शेयरमा विभाजन गरिएको छ ।
(ग) **चुक्ता पूँजी :** कम्पनीको चुक्ता पूँजी रु.२००,०००,०००/- (अक्षरेपी बीस करोड मात्र) रहेको छ । उक्त पूँजीलाई रु.१००/- का दरले २०,००,००० (बीस लाख) थान शेयरमा विभाजन गरिएको छ ।

१०. योजना व्यवस्थापकको संस्थापक तथा सञ्चालक सम्बन्धी जानकारी :

क) संस्थापक शेयरधनीहरुको नाम, ठेगाना, राष्ट्रियता, शेयर स्वामित्व, शैक्षिक योग्यता, अनुभवः

क्र.सं.	नाम	ठेगाना	राष्ट्रियता	शेयर स्वामित्व प्रतिशत	शैक्षिक योग्यता	अनुभव
१	एनएमबि बैंक लिमिटेड	बबरमहल, काठमाडौं	नेपाली	२०,००,०००	लागू नहुने	लागू नहुने

ख) सञ्चालकहरुको नाम, पद, उमेर, ठेगाना, राष्ट्रियता, शैक्षिक योग्यता र अनुभव :

क्र.सं.	नाम	पद	उमेर (बर्ष)	राष्ट्रियता	ठेगाना	शैक्षिक योग्यता	अनुभव
१.	श्री पशुपती मुरारका (एनएमबि बैंक लि.को तर्फबाट)	अध्यक्ष	५२	नेपाली	थापाथली, काठमाडौं	स्नातक	- विभिन्न उद्योग/व्यापार व्यवसायमा २२ वर्षभन्दा बढीको कार्य अनुभव - प्रवन्ध सञ्चालक-मुरारका ग्रुप - पूर्व अध्यक्ष (नेपाल उद्योग वाणिज्य महासंघ
२.	श्री मनिष जैन (स्वतन्त्र संचालक)	सञ्चालक	३१	नेपाली	कमलादी, काठमाडौं	स्नातकोत्तर	- उद्योगी, व्यवसायी - सञ्चालक-इम्पोरियो फ्लेक्स एण्ड इमेजिङ्ग किङ्गसउड कलर्स प्रा.लि. - हाल सिंगजेज (Signage), ग्राफिक्स (Graphics) तथा अफसेट प्रिन्टिङ्ग (Offset Printing) व्यवसायमा आवद्ध - संचालक-एनएमबि बैंक लिमिटेड २०१२-२०१५
३.	श्री हरिश्चन्द्र सुवेदी (एनएमबि बैंक लि.को तर्फबाट)	सञ्चालक	४७	नेपाली	नयाँ बानेश्वर, काठमाडौं	स्नातकोत्तर	२०५१ सालदेखि कानून व्यवसायमा संलग्न-अधिवक्ता
४.	श्री प्रदीप प्रधान (एनएमबि बैंक लि.को तर्फबाट)	सञ्चालक	५५	नेपाली	शंखमूल, काठमाडौं	स्नातकोत्तर	- प्रमुख सञ्चालन अधिकृत (एनएमबि बैंक लिमिटेड - बैंकिङ्ग क्षेत्रमा ३१ वर्षभन्दा बढीको कार्य अनुभव ।

११. योजना व्यवस्थापकको उच्च व्यवस्थापकीय तहका कर्मचारीहरुको नाम, पद, उमेर, शैक्षिक योग्यता, व्यवसायिक अनुभवसम्बन्धी विवरण :

क्र.सं.	नाम	पद	उमेर (बर्ष)	शैक्षिक योग्यता	अनुभव
१.	श्री श्रीजेश घिमिरे	प्रमुख कार्यकारी अधिकृत	३९	एमबिए	- प्रमुख कार्यकारी अधिकृत (एनएमबि क्यापिटल लिमिटेड (२०६८-हालसम्म) - सिनियर रिलेसन म्यानेजर (एनएमबि बैंक लिमिटेड (२०६५ - २०६८) - रिलेसन म्यानेजर (बैंक अफ काठमाण्डौ लिमिटेड (२०६१ - २०६५)
२.	श्री कमल प्रसाद नेपाल	प्रमुख संचालक अधिकृत	५२	एमबिए	- प्रमुख संचालन अधिकृत (एनएमबि क्यापिटल लिमिटेड (२०६७ - हालसम्म) - प्रवन्धक - गरिमा विकास बैंक लिमिटेड (२०६६ - २०६७) - प्रवन्धक - अल्पाईन डेभलपमेन्ट बैंक लिमिटेड (२०६४ - २०६६) - वरिष्ठ अधिकृत (पश्चिमाञ्चल ग्रामीण विकास बैंक लिमिटेड (२०५३ - २०६४)

१२. योजना व्यवस्थापकको वित्तीय विवरण :

क. वासलात (रु.हजारमा)

विवरण	वास्तविक			अपरिष्कृत पौष मसान्त *आ.ब.०७५/०७६
	आ.ब.०७२/०७३	आ.ब.०७३/०७४	आ.ब.०७४/०७५	
नगद तथा नगद समान	११८,९१०	६३७,५४१	३९६,३२९	३३३,०४६
Investment Securities Measured at Fair value Through P/L	६०,७९३	-	-	-
Investment in Equity Measured at Fair Value Through Other Comprehensive Income		१३,४८१	११,०००	११,०००
Investment Securities Measured at Amortized Cost		११८,८२७	२३६,९२१	२१९,७५६
अन्य वित्तीय सम्पत्ति	-	२६,०९६	२५,४४३	-
अन्य सम्पत्ति	५९,२५८	-	-	२४,२२०
सम्पत्ति तथा उपकरण	२,९८३	१६,३००	१३,७१५	१४,३१५
अमुर्त सम्पत्ति	-	१४१	४८९	३८६
चालु कर सम्पत्ति	-	६६,०२२	८४,२४५	९०,६८८
स्थगन कर सम्पत्ति	-	१,४८७	३,१७०	१,४८७
कुल सम्पत्ति	२४१,९४३	८७९,८९५	७७१,३११	६९४,८९७
दायित्व				
ग्राहक दायित्व	४८,९५९	५५३,७९२	३५६,९३९	२४८,३५२
अन्य वित्तीय दायित्व	-	२६,६४६	३९,४२७	६,६९९
अन्य दायित्व	६,६५३	१६,७९६	१४,५७५	३६,८०९
चालु कर दायित्व	३३,८९६	६२,७१८	८३,६३५	९०,६२५
स्थगन कर दायित्व	-	९२२	१००	-
लाभांश दायित्व	-	-	-	४०,०००
अन्य व्यवस्था	-	४,७१६	५,१६४	१९,९४१
कुल दायित्व	८९,५०८	६६५,५९०	४९९,८३९	४४२,४२६
इक्विटी				
शेयर पूँजी	१००,०००	१००,०००	२००,०००	२००,०००
जगेडा तथा कोषहरु	५२,४३५	-	-	-
संचित मुनाफा	-	११४,३०४	७१,४७३	३२,४९९
अन्य जगेडा	-	-	-	-
यस अवधिको मुनाफा	-	-	-	१९,९७२
कूल इक्विटी	१५२,४३५	२१४,३०४	२७१,४७३	२५२,४७२
कूल दायित्व र इक्विटी	२४१,९४३	८७९,८९५	७७१,३११	६९४,८९७

ख. नाफा नोक्सान हिसाब (रु.हजारमा)

विवरण	वास्तविक
	आ.ब.०७२/०७३
व्यवसायिक आम्दानी	
धितोपत्र व्यवस्थापनबाट आम्दानी	२७,२२१
शेयर रजिष्ट्रार सेवाबाट आम्दानी	४,३५९
प्रत्याभूति सेवाबाट आम्दानी	-
लगानी व्यवस्थापनबाट आम्दानी	२४,१८०
कमिशन तथा डिष्काउण्ट आम्दानी	-
अन्य आम्दानी	२,११७
ब्याज आम्दानी	७,६४७
जम्मा व्यवसायिक आम्दानी	६५,५२४
कर्मचारी तथा प्रशासनिक खर्च :	२६,२१६
कर्मचारी सम्बन्धी खर्चहरु	१२,८०२
कार्यालय तथा प्रशासनिक खर्चहरु	१३,४१४
सञ्चालन मुनाफा	३९,३०८
गैर सञ्चालन आम्दानी/नोक्सान	-
नियमित कारोवारबाट भएको मुनाफा	३९,३०८
असामान्य कारोवारबाट भएको आम्दानी/खर्च	-
बोनस तथा कर अघिको मुनाफा	३९,३०८
कर्मचारी बोनस व्यवस्था	३,५७३
कर अघिको मुनाफा	३५,७३५
आयकर व्यवस्था	९,३८१
विगत वर्षको कर व्यवस्था	-
स्थगन कर (खर्च)/आम्दानी	(४२९)
कर पछिको खुद मुनाफा	२६,७८३

विवरण	वास्तविक		अपरिष्कृत पौष मसान्त *आ.ब.०७५/०७६
	आ.ब.०७३/०७४	आ.ब.०७४/०७५	
आम्दानी			
मर्चेन्ट बैंकिङ्ग व्यवसायबाट आम्दानी	७३,६४३	७८,९३७	७,३८०
सामुहिक लगानी कोष व्यवसायबाट आम्दानी	-	-	२०,१२७
व्याज आम्दानी	४२,९२३	१६,५१०	२०,४८५
अन्य आम्दानी	४४,५९१	४०,४१२	-
Net Gain/(Loss) on Financial Investments Held for Trading	-	-	-
जम्मा आम्दानी	१६१,१५७	१३५,८५९	४७,९९२
खर्च			
कर्मचारी खर्च	(२७,८६३)	(२७,३८४)	(१०,४३७)
व्याज खर्च	-	-	-
सम्पत्ति तथा उपकरणमा ह्रासकट्टी	(२,९१८)	(३,४२२)	(१,९०८)
अमुर्त सम्पत्तिको परिषोधन	(७८)	(१९५)	(१०३)
अन्य सञ्चालन खर्च	(१९,१७२)	(२०,४१०)	(६,६३७)
जम्मा खर्च	(५०,०३१)	(५१,४११)	(१९,०८५)
आयकर अगाडीको मुनाफा	१११,१२७	८४,४४८	२८,९०७
आयकर खर्च	(२८,५७३)	(१९,२३५)	(८,६७२)
यस अवधिको नाफा	८२,५५३	६५,२१४	२०,२३५

१३. कोष सुपरिवेक्षकको व्यवसायिक अनुभव, मुख्य पेशा व्यवसाय तथा हाल कायम रहेको जिम्मेवारी :

क्र.सं.	नाम	व्यवसायिक अनुभव	मुख्य पेशा व्यवसाय	हाल कायम रहेको जिम्मेवारी
१.	श्री अशोक राज पाण्डे	आयोजना तथा वित्तीय विश्लेषकको रुपमा २३ वर्षभन्दा बढीको अनुभव ।	शिक्षण	प्रोफेसर अफ फाइनान्स - साउथ एशियन इन्सिच्युट अफ म्यानेजमेन्ट ।
२.	डा. विपिनचन्द्र अधिकारी	विज्ञ-संवैधानिक तथा वाणिज्य कानून; डीन, स्कुल अफ ल, काडमाडौं विश्व विद्यालय तथा वाणिज्य कानूनमा २८ वर्षभन्दा बढीको अनुभव ।	विज्ञ-संवैधानिक तथा वाणिज्य कानून	डीन, स्कुल अफ ल, काडमाडौं विश्वविद्यालय ।
३.	श्री कृष्ण ज्ञवाली	पूर्व सचिव - उघोग मन्त्रालय, वातावरण मन्त्रालय, स्थानिय विकास मन्त्रालय । अर्थ मन्त्रालयमा लामो समयको कार्य अनुभव ।	फ्रिल्यान्सर	फ्रिल्यान्स डेभलपमेन्ट कन्सलटेन्ट ।
४.	श्री नन्दकिशोर शर्मा	विभिन्न सरकारी, गैरसरकारी तथा अन्तराष्ट्रिय आयोगमा परामर्श, लेखापरीक्षण, तालिम र कर सल्लाहकार सेवाको २० वर्षभन्दा बढीको अनुभव ।	चार्टर्ड एकाउण्टेण्ट	प्रोप्राईटर - एनके शर्मा एण्ड कं. ।
५.	डा. शैलेन्द्रधर सिग्देल	कार्यकारी अध्यक्ष, फाउण्डेशन फर डेभलपमेन्ट म्यानेजमेन्ट । प्राईभेट, पब्लिक र गैरसरकारी संस्थाको संस्थागत सुशासनको व्यवस्थापन तथा अनुगमनमा २० वर्षभन्दा बढीको कार्य अनुभव ।	अर्न्तराष्ट्रिय प्रशिक्षण, संस्थागत विकास तथा सुशासन विशेषज्ञ	कार्यकारी अध्यक्ष, फाउण्डेशन फर डेभलपमेन्ट म्यानेजमेन्ट ।

१४. योजना सम्बन्धमा कोष सुपरिवेक्षकको भूमिका :

कोष सुपरिवेक्षकको भूमिका देहाय बमोजिम रहनेछ :
(क) प्रचलित कानूनको अधीनमा रही योजना सञ्चालन गर्न योजनाको विवरण पुस्तिकाको अध्ययन गरी सहमतिका लागि पठाउन अनुमोदन गर्ने,
(ख) योजना व्यवस्थापकले प्रचलित कानून तथा सम्झौता बमोजिम कोषको व्यवस्थापन गरेको छ भन्ने कुरा सुनिश्चित गर्ने,
(ग) सहभागीको हित संरक्षण गर्ने तथा योजना व्यवस्थापक र डिपोजिटरीको काम कारवाहीका सुपरिवेक्षण गर्ने,
(घ) योजनाको खुद सम्पत्ति मूल्यको जाँच गर्ने, योजना अर्न्तगतका सम्पत्ति तथा कागजातहरु सुरक्षितसाथ राखिएको/नराखिएको सुपरिवेक्षण गर्ने,
(ङ) बोर्डबाट स्वीकृत योजना बमोजिम योजना सञ्चालन भए नभएको सुपरिवेक्षण गर्ने,
(च) योजना व्यवस्थापकले राखेको अभिलेख दुरुस्त रहे नरहेको सुपरिवेक्षण गर्ने,
(छ) योजना सम्बन्धमा प्राप्त गुनासाहरु समाधान भए नभएको, दुरुस्त रहे नरहेको सुपरिवेक्षण गर्ने,
(ज) योजना सम्बन्धमा प्राप्त गुनासाहरु समाधान भए नभएको सुपरिवेक्षण गर्ने,
(झ योजना व्यवस्थापन सम्बन्धी प्रतिवेदन तयार गरी समय समयमा बोर्डमा पेश गर्ने, योजना व्यवस्थापकसँग योजना व्यवस्थापकले गरेको काम कारवाहीबारे कुनै विवरण वा जानकारी माग गर्ने, माग गरिएको विवरण वा जानकारीबाट वा अन्य कुनै श्रोतबाट योजना व्यवस्थापकको काम कारवाहीमा अनियमितता देखिएमा वा काम कारवाही सन्तोषजनक नदेखिएमा त्यस्तो काम कारवाही रोक्न वा सन्तोषजनक रुपमा सम्पादन गर्न योजना व्यवस्थापकलाई निर्देशन दिने, दिइएको निर्देशन योजना व्यवस्थापकले पालना नगरेमा सोको जानकारी बोर्डलाई दिने, योजना व्यवस्थापकले ऐन वा नियमावलीको उल्लङ्घन गरेमा वा आफ्नो निर्देशन बारम्बार उल्लङ्घन गरेमा योजना व्यवस्थापक परिवर्तन गर्ने आदेश जारी गर्न बोर्डलाई अनुरोध गर्ने ।

१५. योजनाको उद्देश्य :

NMB 50 एक Growth Scheme - focused in maximizing equity return, प्रकारको योजना हो जसको प्राथमिक उद्देश्य इकाईधनीहरुको लगानीमा उच्च प्रतिफल हासिल गर्नु रहनेछ । योजनाको अधिकाशं लगानी कुनै पनि समयमा ५० वा सो भन्दा कम सुचिकृत वा सूचिकृत हुने क्रममा रहेको शेयरहरु मात्र र समयानुकुल स्थीर आम्दानी उपकरणहरुलाई आफ्नो पोर्टफोलियोमा समावेश गर्ने छ । योजनाले मूख्यतः शेयर बजारमा अवमूल्यन भएका ५० वटासम्म कम्पनीहरु शेयर समावेश गर्नेछ जसले मध्यम देखि दीर्घकालीन समयसम्म पूँजी लाभको सम्भावना प्रदर्शित गर्नेछ । व्याजदरको उतार चढावलाई विश्लेषण गरी स्थीर आम्दानी उपकरणहरुमा लगानी गर्नुपर्दा त्यस्तो लगानीलाई NMB50 ले अनुशरण गरेको पचास वटा सुचिकृत शेयर भन्दा धेरै धितोपत्रमा लगानी हुन सक्नेछ ।

NMB 50 ले सञ्चालनको पहिलो वर्षमा मुख्य ध्यान इकाई पूँजीको लगानीमा केन्द्रित गर्नेछ । नेपाली पूँजी बजारको प्रकृति र संरचनाको कारणले गर्दा इक्विटी लगानीको पोर्टफोलियो बनाउन विस्तारित समय लाग्ने हुँदा योजनाले चयन गरेका कम्पनीहरुको पोर्टफोलियो निर्माण गर्न केहि समय लाग्नेछ । दोस्रो वर्ष पश्चात थप लगानी इक्विटीमा रहे पनि विशेष ध्यान लगानीबाट प्राप्त पूँजी लाभमा रहनेछ । NMB 50 को मुख्य उद्देश्य भने निरन्तर लाभांश प्रदान र प्रति इकाई खुद मुल्यको वृद्धि हो ।

१६. योजनाले लगानी गर्ने क्षेत्र :

नियमावलीको नियम ३४ एवम् निर्देशिकाको अधीनमा रही इकाई बिक्रीबाट उठेको वा संकलन भएको रकम देहाय बमोजिमको कुनै वा सबै क्षेत्रमा लगानी हुनेछः
(क) बोर्डमा दर्ता भएको धितोपत्र ।
(ख) सार्वजनिक निष्काशन भएको धितोपत्र ।
(ग) धितोपत्र बिनिमय बजारमा सूचीकृत धितोपत्र ।
(घ) नेपाल सरकारले जारी गरेको वा नेपाल सरकारको जमानत वा पूर्ण सुरक्षित हुने गरी सरकारी स्वामित्व वा नियन्त्रणमा रहेको कुनै संस्था वा नेपाल राष्ट्र बैंकले जारी गरेको ऋणपत्र, ट्रेजरी वील तथा मुद्रा बजारका अन्य साधनहरु ।
(ङ) बैंक निक्षेप ।
(च) मुद्रा बजार उपकरण ।
(छ) बोर्डले तोकिदिएको अन्य क्षेत्र ।
(ज) धितोपत्र बोर्डले नियमावली संशोधन भएमा सो समेत ।

१७. खुद सम्पत्ति मूल्य गणना तथा सोको प्रकाशन सम्बन्धी व्यवस्थाः

१ ***खुद सम्पत्ति मूल्य गणना गर्ने विधिः***
प्रति इकाई खुद सम्पत्ति मूल्य (नेट एसेट भ्याल्यु) कायम गर्दा योजनाको मूल्य मितिमा कायम रहेको सम्पूर्ण सम्पत्तिलाई कुल इकाई संख्याले भाग गरी प्रति इकाई खूद सम्पत्ति मूल्य कायम गरिनेछ । खूद सम्पत्ति मूल्याङ्कन गर्ने सूत्र देहाय बमोजिम हुनेछः

मूल्याङ्कन मितिमा लगानीको मूल्य + प्राप्त हुन बाँकी प्रतिफल वा आय तथा अन्य रकमहरु – तिर्न बाँकी दायित्व तथा अन्य रकमहरु
प्रति इकाई खुद सम्पत्ति मूल्य = --
मूल्याङ्कन मितिमा योजना अन्तर्गतको कुल इकाई सङ्ख्या

२ ***खुद सम्पत्ति मूल्य प्रकाशनसम्बन्धी व्यवस्थाः***
योजना बिक्री बन्द भएको ३० दिन भित्र योजना व्यवस्थापकले पहिलो पटक खुद सम्पत्ति मूल्य निर्धारण गरी सार्वजनिक गर्नेछ । तत्पश्चात् नियमावलीको व्यवस्था बमोजिम प्रत्येक हप्ता खुद सम्पत्ति मूल्य योजना व्यवस्थापकको वेव साईट www.nmbcl.com.np मा सार्वजनिक गरिनेछ । साथै योजना व्यवस्थापकले योजनाको लगानीको विवरण मासिक रुपमा आफ्नो वेव साईटमा राखी सार्वजनिक गर्ने तथा वार्षिक रुपमा योजनाको लेखापरीक्षण गराई सो सम्बन्धी विवरण सार्वजनिक गर्नेछ । खुद सम्पत्ति मूल्य तथा योजनाको कार्यसम्पादन सम्बन्धी जानकारीहरु सार्वजनिक गर्ने सम्बन्धमा प्रचलित कानून तथा बोर्डको निर्देशन बमोजिम हुनेछ ।

१८. प्रति ईकाइ खुद सम्पत्ति मूल्यको गणना तथा वित्तीय अनुपात सम्बन्धी विवरण :

(रु. हजारमा)

विवरण	बर्ष १	बर्ष २	बर्ष ३	बर्ष ४	बर्ष ५	बर्ष ६	बर्ष ७
जम्मा ईकाइ	१२०,०००	-	-	-	-	-	-
सूचीकृत धितोपत्र तथा धितोपत्र सम्बन्धी उपकरणहरु	८५८,७०३	१,०६३,९९९	१,१०२,६७८	१,१०२,८०३	१,१४८,७५९	१,१६८,५३९	१,०८४,५१९
स्थिर आम्दानी उपकरणहरु	१७९,५२०	११९,६८०	११९,६८०	११९,६८०	११९,६८०	११९,६८०	११९,६८०
नगद	२७८,५३५	३४५,८२५	३२०,२१२	३२९,००२	४०७,६५३	४९३,७०७	६६७,५०६
दायित्व	-	१७९,५२०	१७९,५२०	१७९,५२०	२३९,३६०	२३९,३६०	२३९,३६०
कुल सम्पत्तिको मुल्य	१,३१६,७५७	१,५२९,५०४	१,५४२,५७१	१,५५१,४८५	१,६७६,०९१	१,७८१,९२६	१,८७१,७०५
स्कीम व्यवस्थापन शुल्क	२४,७७६	२६,५३७	२६,९६४	२७,०६२	२७,९३६	२९,१११	३०,००४
डिपोजिटरी शुल्क	२,४७८	२,६५४	२,६९६	२,७०६	२,७९४	२,९११	३,०००
स्कीम सुपरिवेक्षण शुल्क	१,२३९	१,३२७	१,३४८	१,३५३	१,३९७	१,४५६	१,५००
खुद सम्पत्तिको मुल्य	१,२८८,२६५	१,४९८,९८६	१,५११,५६२	१,५२०,३६४	१,६४३,९६५	१,७४८,४४०	१,८३७,२००
खुद सम्पत्ति प्रति इकाई	१०.७४	१२.४९	१२.६०	१२.६७	१३.७०	१४.५७	१५.३१
लाभांश प्रति इकाई	०%	१५%	१५%	१५%	२०%	२०%	२०%
जम्मा प्रतिफल	७.३६%	३१.३६%	१५.८४%	१५.५८%	२८.१३%	२६.३६%	२५.०८%

द्रष्टव्यः योजनाको वित्तीय प्रक्षेपण योजना व्यवस्थापक आफैले तयार पारेको हो र सो वित्तीय विवरणहरु बिआरएस न्यौपाने एण्ड कम्पनीका चार्टर्ड एकाउटेण्ट श्री ज्ञानेन्द्र बहादुर भारीद्वारा प्रमाणित गरिएको छ ।

१९. योजनाको मुनाफा वितरणको लक्ष्य :

योजनाले कमाएको खुद मुनाफाको अनुपातमा इकाईको अंकित मूल्यको आधारमा मुनाफा वितरण गरिनेछ । खुद मुनाफा मध्ये आवश्यकतानुसार सञ्चित मुनाफा (Retained Earning) पूनः लगानी गरिनेछ । साथै नियमनकारी निकायको स्वीकृत पश्चात योजनाले कमाएको खुद मुनाफाबाट लेखापरीक्षण अगावै अन्तरिम लाभांश (Interium Dividend) बाँड्न सक्नेछ ।

२०. लगानी तथा लाभांशका सम्बन्धमा लागु हुने कुनै पनि कर सम्बन्धी व्यवस्था :

नेपाल सरकारको नीति बमोजिम सामूहिक लगानी कोषका लागि नेपाल सरकारले जारी गरेको आर्थिक विधेयकले योजना अन्तर्गत संकलित रकम लगानी गरेबापत प्राप्त गर्ने लाभांश, व्याज तथा पूँजीगत लाभकर आम्दानीमा कुनै कर नलाग्ने र योजनाले आफ्नो इकाईधनीहरुलाई प्रतिफल वितरण गर्दा प्रचालित कानून बमोजिम कर कट्टी गेरर मात्र वितरण गर्ने व्यवस्था गरिएको छ । भविष्यमा यस सम्बन्धी व्यवस्था वार्षिक जारी हुने आर्थिक विधेयक अनुसार हुने ।

२१. योजनामा अर्न्तनिहित जोखिम तथा सोको व्यवस्थापनको लागि व्यवस्थापनको धारणा :

क) सामान्य जोखिम तत्वहरुः

(१) **सामूहिक लगानी कोषमा गरिने लगानी धितोपत्र बजारको जोखिमसँग भरपर्ने हुँदा नाफा हुने तथा सहभागीले लिएको उद्देश्य पूरा हुने कुराको कुनै निश्चितता नहुने सम्बन्धमा :**
सामूहिक लगानी कोष अन्तर्गतका योजनाले धितोपत्र बजार लगायत अन्य विभिन्न क्षेत्रमा लगानी गर्ने हुँदा धितोपत्र बजार तथा त्यस्ता लगानीमा निहित जोखिमले योजनाको लगानी तथा तिनका प्रतिफलमा प्रत्यक्ष प्रभाव पार्ने हुन्छ ।

(२) **धितोपत्रमा हुने लगानी जस्तै योजनाको इकाईहरुको खुद सम्पत्ति मूल्य बजार मूल्यको आधारमा घटबढ हुने सम्बन्धमा :**
योजनाको खुद सम्पत्ति मूल्य योजनाले गरेको लगानीको मूल्याङ्कनबाट गणना गरिएको हुन्छ । यसको लगानी मध्ये धितोपत्र बजारमा सूचीकृत धितोपत्रहरुमा गरेको लगानीको सम्पत्ति मूल्यमा त्यस्ता धितोपत्रको मूल्यमा हुने उतार चढावले प्रभाव पार्ने हुँदा योजनाको खुद सम्पत्ति मूल्यमा समेत त्यसको प्रत्यक्ष प्रभाव रहने गर्दछ र सोही बमोजिम घटबढ हुने गर्दछ ।

(३) **कोष प्रवर्द्धक, कोष सुपरिवेक्षक वा योजना व्यवस्थापकहरुको विगतको कार्यले निजहरुको भविष्यको कामको लागिनिर्देशन वा संकेत गर्दैन भन्ने सम्बन्धमा :**
योजनाको रकम लगानी योजना व्यवस्थापकले बजारको विद्यमान अवस्थाको तथा कम्पनीहरुको विश्लेषण गरी Professional level मा स्वतन्त्र रुपमा योजनाको लगानी, सञ्चालन तथा व्यवस्थापन गर्ने र प्रचलित कानून बमोजिम यसको हिसाब किताब समेत छुट्टै रुपमा राख्ने र सो को नियमति रिपोर्टिङ्ग गर्ने गर्दछ । योजनाको रकम लगानी गर्दा योजना व्यवस्थापकले आफ्नो दक्षताले भ्याय सम्म योजनाको कार्य सम्पादन गर्नेछ । कोष प्रवर्द्धक, योजना व्यवस्थापक तथा कोष सुपरिवेक्षकको विगतको कार्यले यस योजनाको नतिजालाई संकेत वा निर्देशन गर्दैन ।

(४) **कोष प्रवर्द्धकले योजनामा कुनै हानी नोक्सानी भएमा सोको जिम्मेवारी लिने छैन भन्ने सम्बन्धमा :**
योजनाको सञ्चालन तथा व्यवस्थापन प्रचलित कानूनको परिधिभित्र रही योजना व्यवस्थापकबाट गर्दछ । योजनामा कुनै प्रकारको हानी नोक्सानी भएमा सो को जिम्मेवारी कोष प्रवर्द्धकले लिने छैन ।

(५) **यस योजनाले भविष्यमा राम्रो गर्ने र मुनाफा दिने कुराको सुनिश्चितता गर्दैन भन्ने सम्बन्धमा :**
यस योजना अर्न्तगत इकाईहरु निष्काशन गरी संकलन गरिएको कोष रकम विभिन्न क्षेत्रमा लगानी गरिन्छ । योजना व्यवस्थापकले आफ्नो दक्षताको उपयोग गरी लगानी जोखिम कम गर्ने तथा मुनाफा बृद्धि गर्ने भएता पनि योजनाले भविष्यमा राम्रो गर्ने वा मुनाफा दिने कुराको सुनिश्चितता गर्दैन र योजना संचालन गर्दा हुन सक्ने हानी नोक्सानी तथा जोखिमहरुमा पनि योजना व्यवस्थापकको जिम्मेवारी हुने छैन ।

(ख) खास जोखिम तत्वहरु :

(१) **प्रस्तुत योजना निश्चित रुपमा मुनाफा फिर्ता दिने वा कुनै बैंक वा बिमाबाट मुनाफाको सुनिश्चितता भए नभएको के हो सो सम्बन्धमा :**
यस योजना अन्तर्गत लगानी गर्ने लगानीकर्ताहरुले इकाईको अंकित मूल्यमा लगानी गरेको आधारमा योजनाले कमाएको खुद मुनाफा आधारमा लाभांश पाउने छन् । यसरी लाभांश दिँदा योजनालाई आफ्नो लगानी वापत प्राप्त हुने पूँजीगत मुनाफा, व्याज, लाभांश, शेयर प्रत्याभूति कमिशन वा सम्पत्तिको मूल्य बृद्धि (capital gain) वा अन्य वित्तीय कारोवारबाट भएको आम्दानीबाट दिनेछ । प्रत्येक आर्थिक वर्षमा योजनाले खुद मुनाफा भएमा लाभांश दिन सक्नेछ तथा खुद मुनाफाबाट लाभांश कट्टा गरी बाँकी रहेको रकम सञ्चित मुनाफा (retained earning) को रुपमा रहनेछ । कुनै वर्ष योजनाको आम्दानीले लाभांश वितरण गर्न नसक्ने अवस्था आएमा सञ्चित मुनाफाबाट लाभांश दिन सकिनेछ । योजनाले हरेक वर्ष निश्चित मुनाफा दिने सुनिश्चितता भने हुँदैन ।

(२) **योजना अन्तर्गतको लक्ष्य प्राप्त गर्नका लागि असर पर्ने तत्वहरुमा सरकारी नीतिहरु, बजारको अवस्था, बजारलाई असर पार्ने तत्वहरु, बजारमा परिवर्तन भैरहने व्याज दर, व्यवसाय गरिने धितोपत्रको संख्या, राफसाफ गरिने पद्दती आदिले असर पार्ने सम्बन्धमा :**
सामूहिक लगानी कोष सम्बन्धी कानूनी व्यवस्था तथा नीतिहरुमा कुनै परिवर्तन भएमा योजना सञ्चालन तथा सोको प्रतिफलमा समेत सोही अनुरुप असर पर्ने हुन्छ । साथै बजारको अवस्था, बजारलाई असर पार्ने तत्वहरुले समेत योजनामा असर पार्ने हुन्छ । योजनाले धितोपत्र बजारमा सूचीकृत धितोपत्रमा लगानी गर्ने र बजारको अवस्था हेरि योजनाको नाममा धितोपत्र खरिद बिक्री गर्ने हुँदा सो को राफसाफ प्रकृया आफैंमा र राफसाफ हुँदा योजनाले प्राप्त गर्ने रकम समयमा प्राप्त नभएमा settlement risk को जोखिम हुन्छ । ढिलो गरी रकम प्राप्त हुने अवस्थामा उक्त रकमबाट आर्जन हुन सक्ने व्याज आम्दानीमा घटबढ हुन गई वा पूनः कारोबारी फाइदामा बञ्चित हुँदा योजनाको आम्दानीमा असर पर्न सक्दछ । धितोपत्रको खरिद बिक्रीमा हुने ढिलाइले बजार जोखिम समेत आकर्षित हुन सक्दछ । साथै सामान्यतया वित्तीय क्षेत्रमा कायम हुने व्याजदर र धितोपत्रको लगानीबीच विपरित सम्बन्ध (Inverse relation) हुने हुँदा सोको असर योजनाको खुद सम्पत्ति मूल्यमा समेत पर्न सक्दछ ।

(३) **रेटिङ्ग कम्पनीले दिएको रायले खुद सम्पत्ति मूल्यको स्थिरताको सुनिश्चितता नगर्ने कुरा सम्बन्धमा :**
रेटिङ्ग कम्पनीले दिएको रायले खुद सम्पत्ति मूल्यको स्थिरताको सुनिश्चितता गर्दैन ।

(४) **व्याजदर परिवर्तनबाट हुने जोखिम सम्बन्धमा :**
योजनाको कुल रकममध्ये केही रकम बैंक निक्षेप तथा बण्ड डिवेञ्चरहरुमा समेत लगानी गरिने हुँदा निक्षेपमा प्राप्त हुने व्याजदरमा आउने परिवर्तनले योजनाको आयमा असर पर्दछ । साथै सम्पत्तिको मूल्यांकन (Valuation) गर्दा प्रचलित व्याजदरलाई आधार मानि गरिने हुँदा प्रचलित व्याजदरमा हुने परिवर्तनले योजना अन्तर्गतको सम्पत्तिको मूल्यांकनमा समेत परिवर्तन हुन्छ ।

(५) **योजना शुरु गर्ने बेलामा भएको खर्च तथा वार्षिक खर्च आदिले खुद सम्पत्ति मूल्यमा प्रभाव पार्ने सम्बन्धमा :**
योजना निष्काशन गर्दा लाग्ने योजना दर्ता शुल्क, योजना बिक्री, सूचीकरण तथा वार्षिक नविकरण खर्च, योजनाको लेखापरीक्षण खर्च, कानूनी खर्च, विज्ञापन तथा सूचना आदि खर्चहरु योजनाको कुल सम्पत्ति मूल्यबाट कट्टा गरी योजनाको खुद सम्पत्ति मूल्य गणना गरिने हुँदा यस्ता खर्चहरुले योजनाको खुद सम्पत्ति मूल्यमा प्रभाव पर्दछ ।

(६) **ईक्विटी सम्बन्धी जोखिममा यसका उपकरणहरुले कम्पनी र बजार दुवैका जोखिम बोकिरहेका हुन्छन् भन्ने कुरा उल्लेख गर्ने :**
योजनाले इक्विटीमा आधारित उपकरणमा गरेको लगानीको सुरक्षा र प्रतिफल कम्पनीको अवस्था र बजारको स्थितिमा निर्भर रहने हुँदा यस्ता उपकरणहरुमा भएको लगानीमा यी दुवै किसिमका जोखिमहरु अर्न्तनिहित रहेका हुन्छन् ।

(७) **ऋण जोखिमभित्र अर्को पक्षको ऋण फिर्ता गर्ने क्षमता तथा इच्छामा निर्भर गर्ने कुरा जस्तोकी सरकारी धितोपत्रमा कुनै जोखिम नरहने कुरा :**
योजनाले सरकारी ऋणपत्रका अतिरिक्त अन्य क्षेत्रले जारी गर्ने ऋणपत्रहरुमा समेत लगानी गर्ने र यस्तो ऋणपत्रमा भएको लगानी फिर्ता हुने विषय ऋणपत्र जारी गर्नेको भविष्यको क्षमतामा निर्भर रहने हुँदा यस्तो ऋणपत्रमा गरेको लगानी सरकारी ऋणपत्रमा गरेको लगानी सरह सुरक्षित र जोखिम रहित हुँदैन ।

(८) **तरलता जोखिम सम्बन्धमा सो धितोपत्र कति बिक्री गर्न योग्य वा सहज छ त्यतिनै तरलता आउनेबारे उल्लेख गर्ने :**
योजनाले धितोपत्रमा गरेको लगानीलाई तरल सम्पत्तिमा परिणत गर्नका लागि उक्त धितोपत्रको समयानुकुल तरलतामा निर्भर गर्ने हुँदा योजनामा तरलता सम्बन्धी जोखिम रहन सक्छ ।

(९) **व्याजदरमा हुने जोखिम यसको गतिविधिमा निर्भर गर्छ भन्ने कुरा जस्तोकी सरकारले ऋण लिएमा, मुद्रा स्फीती भएमा आदिबारे :**
व्याजदरमा परिवर्तन हुने जोखिम अर्थतन्त्रमा हुने गतिविधिमा निर्भर गर्दछ । विभिन्न आर्थिक उतारचढाव जस्तै सरकारी ऋण बृद्धि, मुद्रा स्फीती आदिको असर व्याजदरमा समेत पर्न सक्छ र यस अवस्थामा व्याजदरको परिवर्तनबाट हुने जोखिम योजनामा समेत पर्न सक्दछ ।

(१०) **पुर्नलगानी जोखिम यथावत रहने कारणमा ब्याज दरमा भएको अनिश्चितताका कारण तथा ऋणपत्रको सट्टामा कुपन प्राप्त हुने र सोही कुपन पुर्नलगानीमा प्रयोग हुने हुँदा पुर्नलगानी जोखिमबारे खुलाउने :**
ऋणपत्रमा तथा बैंक निक्षेपमा गरेको लगानीबाट प्राप्त व्याज आम्दानी पुनः लगानी गरिने हुन्छ । यदि व्याजदरमा परिवर्तन भएमा यसरी प्राप्त व्याज रकम पुनर्लगानी गर्दा उत्तिकै प्रतिफल प्राप्त गर्न नसकिने जोखिम रहन सक्दछ । ब्याज आम्दानी हुने उपकरणहरुमा लागू हुने Duration Risk को सिद्धान्त लागू हुने ।

(११) **योजना शुरु गर्ने बेलामा भएको खर्च तथा वार्षिक खर्च आदिले खुद सम्पत्ति मूल्यमा प्रभाव पार्ने कुरा :**
योजनाका इकाईहरुको निष्काशन तथा बिक्री गर्दा लाग्ने खर्च समेत योजनाले व्यहोर्ने हुँदा सो खर्चले योजनाको खुद सम्पत्ति मूल्यमा असर पार्दछ ।

(१२) **योजना अन्तर्गत लगानी गरिने विभिन्न प्रकारका धितोपत्रहरुले विभिन्न प्रकारका जोखिम बहन गर्ने कुरा जस्तो की सरकारी ऋणपत्र भन्दा व्यापारिक कम्पनीले जारी गरेका ऋणपत्रहरुमा बढी जोखिम रहने कुरा :**
विभिन्न प्रकारको धितोपत्र जस्तै शेयर, अग्राधिकार शेयर, डिवेञ्चर, सरकारी ऋणपत्र आदिमा योजनाले लगानी गर्ने हुन्छ । यी धितोपत्रको प्रकृतिको आधारमा शेयरको तुलनामा अग्राधिकार शेयर त्यसपछि संस्थागत डिवेञ्चर कम जोखिमपूर्ण हुन्छन् भने सरकारी ऋणपत्रलाई जोखिम रहित धितोपत्र मानिन्छ । योजनाले यस्ता धितोपत्रमा गरेको लगानीमा लगानी अनुपात अनुरुपको जोखिम रहन सक्छ ।

(१३) **योजनाले लगानी गर्ने अन्य उपकरणहरु जस्तै डेरिभेटिप्स्, फ्युचर, अप्सन आदिमा निहित जोखिमहरु बारे उल्लेख गर्ने :**
योजनाले यस्ता उपकरणहरुमा लगानी गर्ने उद्देश्य राखेको छैन । भविष्यमा यस्ता उपकरणहरुमा लगानी गर्ने अवसर उपलब्ध भएमा बोर्डको स्वीकृतिमा लगानी गर्न सकिनेछ । त्यस्तो अवस्थामा यस्ता उपकरणहरुमा निहित जोखिम तत्वको असर योजनाको जोखिम तथा प्रतिफलमा समेत पर्न सक्छ ।

(१४) **योजनाको लगानी परिवर्त्य विदेशी मुद्रा वा सो मा आधारित उपकरणहरुमा लगानी गर्ने भएमा विदेशी मुद्रा विनिमय दरमा आउने परिवर्तनबाट हुने जोखिमबारे उल्लेख गर्ने :**
योजनाले यस प्रकारको उपकरणहरुमा लगानी गर्ने उद्देश्य राखेको छैन । यस्ता उपकरणमा लगानी गर्ने अवसर प्राप्त भएमा बोर्डको स्वीकृतिमा लगानी गरिनेछ । त्यस अवस्थामा विदेशी मुद्रा परिवर्तनबाट हुने जोखिमको असर योजनाको जोखिम तथा प्रतिफलमा पर्न सक्छ ।

(१५) **योजनाको अवधि भर सोको मूल्य बृद्धिको अवसर रहने तर सोको बोनश नपाउने बारे :**
योजनाको कार्य सम्पादनको आधारमा योजना अर्न्तगतका इकाईहरुको मूल्य बृद्धि हुने सम्भावना रहन्छ । योजनाले प्राप्त गरेको प्रतिफलको आधारमा इकाईधनीहरुलाई योजनाले लाभांश वितरण गर्न सक्ने अवस्था हुन्छ । तथापि योजनाले कुनै प्रकारको बोनश इकाइहरु भने वितरण गर्ने छैन ।

(ग) जोखिम व्यवस्थापनको लागि व्यवस्थापन (कोष व्यवस्थापक) को धारणा :
(१) योजनाको लगानीमा हुने जोखिम व्यवस्थापनका लागि बजारको परिस्थिति, तथ्यांक, समाचार तथा अर्थ व्यवस्थाहरुको निरन्तर रुपमा अध्ययन तथा मूल्याकन गरिनेछ साथै लगानी गरिएका क्षेत्र तथा साधानहरुको वित्तीय सूचाङ्कहरुको विश्लेषण गरिनेछ ।
(२) तथ्यांकहरुको अध्ययन अनुसन्धानका आधारमा लगानी गर्ने व्यवस्था तथा प्रकृयाको विकास गरिनेछ ।
(३) धितोपत्रमा लगानी गर्नुपूर्व उक्त धितोपत्र र सम्बन्धित कम्पनीको सम्बन्धमा विश्लेषण गरेर मात्र लगानी सम्बन्धी निर्णय गरिनेछ । यसका लागि विभिन्न वित्तीय विश्लेषणका लागि उपलब्ध अभ्यास तथा उपकरणहरुको उपयोग गरिने छ ।
(४) बजारको अवस्था तथा जोखिम पक्षलाई ध्यानमा राखी धितोपत्रमा गरिएको लगानीलाई उपयुक्त समयमा तरल सम्पत्तिमा परिणत गर्ने तथा तरल सम्पत्तिलाई लगानीमा परिणत गर्ने व्यवस्था मिलाईनेछ ।
(५) लगानीमा हुने जोखिम न्यूनीकरण र उच्च प्रतिफल प्राप्त गर्न लगानी योग्य धितोपत्रहरुको निरन्तर अध्ययन गरी यस योजनाले प्रक्षेपण गरेको प्रतिफल आर्जन गर्न बजारमा उपलब्ध हुने धितोपत्रहरुमा लगानी विविधिकरणको सिद्धान्त अनुरुप जोखिम न्यूनीकरण गरिनेछ ।
(६) तरलता व्यवस्थापनलाई प्राथमिकतामा राखी लगानी गरिनेछ ।

२२. इकाईको बाँडफाँड, फिर्ता भुक्तानी तथा सूचीकरण सम्बन्धी व्यवस्था :

(क) योजनाको सम्पूर्ण ईकाई बिक्रीका लागि निवेदन प्राप्त भएमा बिक्री खुल्ला राख्नु पर्ने न्यूनतम अवधि व्यतित भएपछि योजना व्यवस्थापक/निष्काशन तथा बिक्री प्रबन्धकले जुनसुकै समयमा सूचना प्रकाशन गरी इकाई बिक्री बन्द गर्न सक्नेछ ।
(ख) बिक्री खुल्ला भएको निवेदन दिने अवधि तथा बोर्डबाट थप भएको अवधिभित्र कम्तिमा पचास प्रतिशत इकाई खरिद गर्न निवेदन प्राप्त भएमा इकाईको बाँडफाँड गरिनेछ ।
(ग) यस विवरण पुस्तिका अनुसार इकाई बिक्री खुल्ला अवधिसम्म पनि आह्वान गरेको न्यूनतम पचास प्रतिशत इकाई खरिद गर्नको लागि आवेदन प्राप्त नभएमा योजना खारेज गरी पन्ध्र दिनभित्र निवेदकहरुको रकम फिर्ता गरिनेछ ।
(घ) इकाई बाँडफाँड गर्दा यस विवरण पुस्तिकामा उल्लेखित अधिकतम सिमासम्मको मात्र इकाई बाँडफाँड गरिनेछ । तर यस विवरण पुस्तिका मार्फत निष्काशन गरिएको भन्दा बढी सङ्ख्यामा इकाई माग भएमा निष्काशन गरिएको इकाई सङ्ख्याको पच्चीस प्रतिशतसम्म थप गरी इकाई बाँडफाँड गरिनेछ ।
(ङ) इकाईको बाँडफाँड सम्बन्धी अन्य व्यवस्था प्रचलित धितोपत्र बाँडफाँड सम्बन्धी निर्देशिका बमोजिम हुनेछ ।
(च) योजनाका इकाईहरु नेपाल स्टक एक्सचेन्ज लि.मा सूचीकरण तथा सिडिएस एण्ड क्लियरिङ्ग लि.मा दर्ता गरी दोस्रो बजारमा कारोवारको व्यवस्था मिलाइनेछ ।

२३. निवेदन दिदाँ ध्यान दिनुपर्ने कुराहरु :

१. कुनै पनि नेपाली नागरिक, गैर आवासीय नेपाली तथा नेपाली संघ संस्थाले स्वीकृत विवरण पत्र मार्फत जारी गरिने इकाई खरिद गर्न आवेदन दिन सक्नेछन् ।
२. आवेदकले सि-आस्वा प्रणालीबाट आफ्नो खाता रहेको बैंक तथा वित्तीय संस्था मार्फत मात्र आवेदन दिन सक्नेछन् ।
३. आवेदकले आवेदन दिनुपूर्व आफ्नो खाता रहेको सम्बन्धित बैंक तथा वित्तीय संस्थामा गई धितोपत्रको सार्वजनिक निष्काशनको केन्द्रिकृत विद्युतिय सेवा कार्य संचालन निर्देशिका, २०७४ को अनुसूचि ४ बमोजिमको सि-आस्वा रजिष्ट्रेशन फारम भरी CRN नम्बर लिनुपर्नेछ ।
४. आवेदकको बैंक खातामा भएको विवरण र अनुसूचि ४ मा उल्लेख गरेको विवरण मिल्नुपर्नेछ ।
५. आवेदकले CRN नम्बर प्राप्त गरेपश्चात इकाई खरिदका लागि तोकिएको ढाँचामा सम्बन्धित बैंक तथा वित्तीय संस्थामा धितोपत्र खरीदकालागि आवेदन दिनुपर्नेछ ।
६. आवेदकले आवेदन फारममा उल्लेख गरेको हितग्राही परिचय नम्बर र अन्य विवरण सि-आस्वा सफ्टवेयरमा रहेको आवेदकको हितग्राही खाता र अन्य विवरण संग रुजु हुनुपर्नेछ ।
७. आवेदकले आवेदन फाराम बुझाउँदा देहायका कुराहरुमा विशेष ध्यान दिई स्पष्टसंग आवेदन फारम भरी बुझाउनु पर्नेछ :
   - क. धितोपत्र निष्काशनकर्ता कम्पनीको नाम ।
   - ख. आवेदकको नाम, थर, ठेगाना, नागरिकता नं., दस्तखत, सम्पर्क फोन नं., इमेल ठेगाना ।
   - ग. नावालक र विक्षिप्त व्यक्तिको हकमा संरक्षकको नाम, थर र नाता ।
   - घ. खरिद गर्न चाहेको धितोपत्रको संख्या (अंक र अक्षरमा) ।
   - ङ. खरिद गर्न चाहेको धितोपत्र वापतको रकम (अंक र अक्षरमा) ।
   - च. आवेदकको खाता रहेको बैंकको नाम, ठेगाना, खाता नं. र खाताको किसिम ।
   - छ. आवेदकको हितग्राही (डिम्याट) खाता नम्बर ।
८. आवेदकहरुले आवेदन दिंदा सि-आस्वा सदस्य बैंकहरुमा रहेको आवेदन वापतको रकम रोक्का राखिने खाता अन्य कुनै प्रकारले रोक्का रहेको वा निष्क्रिय (Dormant) रहेको हुनु हुँदैन ।
९. आवेदन दिएको रकम बराबरको रकम खातामा हुनु पर्नेछ ।
१०. एक व्यक्तिले आफूले खरिद गर्न चाहेको इकाईको लागि एक भन्दा बढी दरखास्त दिन पाइने छैन । यदि एक व्यक्तिको नाममा एक भन्दा बढी आवेदन प्राप्त हुन आएमा सम्पूर्ण दरखास्तलाई रद्द गरिनेछ ।
११. धितोपत्र खरीदको लागि दरखास्त दिंदाको अवस्थामा वा दरखास्त दिईसकेपछि खरिद गरेको धितोपत्र वापतको रकम भुक्तानी नहुँदै प्रचलित कानुन बमोजिम अधिकार प्राप्त अधिकारी वा निकायबाट लगानीकर्ताको खाता रोक्का राख्ने आदेश प्राप्त भएमा निष्काशन तथा बिक्री प्रबन्धकले त्यस्तो दरखास्त फारामलाई आदेश बमोजिम गर्नेछ ।
१२. धितोपत्र बाँडफाँड गर्नुपूर्व अख्तियार प्राप्त निकायबाट कुनै लगानीकर्ताको खाता रोक्का राख्न आदेश वा निर्देशन प्राप्त भएमा सम्बन्धित बैंक वा वित्तीय संस्थाले त्यस्तो आदेश वा निर्देशन अनुसार सम्बन्धित लगानीकर्ताको खाता रोक्का गरी त्यसको जानकारी तुरुन्त निष्काशन तथा बिक्री प्रबन्धकलाई दिनुपर्नेछ ।
१३. सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडबाट उपलब्ध गराईएको "मेरो शेयर" सफ्टवेयरबाट पनि आवेदकले आवेदन गर्न सक्नेछन् । त्यसका लागि आवेदकले आफ्नो हितग्राही खातामा बैंक खाताको विवरण उल्लेख गरिसकेको हुनुपर्नेछ र सम्बन्धित बैंक तथा वित्तीय संस्थाबाट CRN नम्बर लिईसकेको हुनुपर्नेछ ।
१४. इकाईको बाँडफाँड गरी सुचिकरण भए पश्चात बाँडफाँडमा परेका आवेदकहरुलाई बाँडफाँडमा परेको इकाई निजहरुको हितग्राही खातामा जम्मा गर्ने व्यवस्था गरिने छ ।
१५. यस विवरणपत्र मार्फत निष्काशन गरिने इकाईको लागि न्यूनतम १०० कित्ता तथा सो भन्दा बढीका लागि १० अंकले भाग जाने संख्यामा अधिकतम १,२०,००,००० कित्ता सम्मका लागि आवेदन दिन सकिनेछ । रु.१०,००,०००/- सम्मको लागि आवेदन दिने आवेदकले स्वेच्छिक रुपमा र सो भन्दा बढी आवेदन गर्ने आवेदकले आफूले आवेदन गर्दा जम्मा गरेको रकम सम्पत्ति शुद्धीकरण ऐनको बर्खिलाप गरी आर्जन नगरेको भन्ने उद्घोषण गर्नुपर्नेछ ।

२४. विवरणपत्र पाईने तथा दरखास्त फाराम प्राप्त गर्ने र बुझाउने स्थानहरु :

क्र.सं.	विवरणपत्र प्राप्त गर्ने स्थानको नाम र ठेगाना
१.	एनएमबि क्यापिटल लिमिटेड, नागपोखरी, काठमाडौं र वेवसाइट : www.nmbcl.com.np
सि.नं.	**दरखास्त फारम प्राप्त गर्ने र बुझाउने स्थान**
१.	नेपाल धितोपत्र बोर्डबाट स्वीकृति प्राप्त गरेका सम्पूर्ण आस्बा (ASBA) सदस्य बैंक तथा वित्तीय संस्थाहरु र तिनका तोकिएका शाखा कार्यालयहरु ।

२५. ईकाइ विक्री खुला गरिने मिति तथा अवधि :

यस विवरणपत्रद्वारा सार्वजनिक निष्काशन मार्फत् सर्वसाधारणहरुमा जारी गरिने शेयरहरुको लागि आवेदन दिने अवधि बिक्री खुल्ला भएको मितिबाट कम्तीमा ४ कार्य दिन र बढिमा ३० दिन सम्म खुल्ला रहनेछ ।

२६. गुनासो सुन्ने र समाधान गर्ने प्रकृया :

योजना निष्काशनका वखत उत्पन्न हुनसक्ने गुनासाहरुलाई सम्बन्धित संकलन केन्द्र तथा योजना व्यवस्थापकको कार्यालयबाट समाधान गर्ने व्यवस्था मिलाईनेछ । साथै योजना व्यवस्थापक कम्पनीले योजना सञ्चालनको क्रममा सहभागीहरुको बीचमा वा योजना र सहभागीहरुका बीचमा कुनै विवाद उठेमा यस कम्पनीका प्रवक्ता तथा नियम पालना अधिकृत श्री स्मृती महर्जनलाई यस सम्बन्धमा जानकारी तथा गुनासो राख्नका लागि सम्पर्क गर्न सक्नुहुनेछ । प्राप्त गुनासो सुन्ने, सोको समाधानका उपायहरु पहिचान गर्ने र सामान्य प्रकारका गुनासाहरुलाई कानूनसम्मत तरिकाले आफ्नै तहबाट समाधान गर्नेछ । यसरी समाधान हुन नसक्ने तथा जटिल प्रकृतिका गुनासा प्राप्त भएमा सम्भव भएसम्म योजना व्यवस्थापकबाट र सम्भव नभएमा कोष सुपरिवेक्षक समक्ष राखी सोको समाधान गरिनेछ । गुनासाहरुलाई अन्तिम समाधानका रुपमा हल गर्नु परेमा सम्बन्धित नियमन गर्ने निकाय समक्ष प्रेषित गरी उपचार खोजीनेछ । लगानीकर्ताहरुले देहाय बमोजिमको माध्यम मार्फत आफ्नो गुनासो तथा सुझाव प्रेषित गर्न सक्नेछनः फोन नं. ४४३७९६३, E-mail: info@nmbcl.com.np

धितोपत्र निष्काशन तथा बिक्री प्रवन्धकः

NMB CAPITAL LIMITED
एनएमबि क्यापिटल लिमिटेड
नागपोखरी, काठमाडौं, नेपाल, फोन नं. ४४३७९६३, फ्याक्स नं. ४४३७९६०
इमेलः info@nmbcl.com.np वेभसाइट : www.nmbcl.com.np